नगर सन्देश
नगर सन्देश वा:पौ (साप्ताहिक)
कीर्तिपुर नगरपालिकाको बुलेटिन
भींगु किपू स्वच्छ किपू
वर्ष १ ● अंक ११ ● ने.सं. ११४० सिल्लाथ्व तृतिया ● वि.सं. २०७६ माघ १३ गते, सोमबार ● 2020 January 27 Monday ● पृष्ठ ८

## कीर्तिपुर नगरपालिकाको नियमित पत्रकार सम्मेलन

# सहुलियत शैक्षिक कर्जा वितरण

### ● अडियो नोटिस बोर्ड १६१८०१४३३१११० सञ्चालनको जानकारी



कीर्तिपुर नगरपालिकाले मासिक रुपमा गर्दै आइरहेको पत्रकार सम्मेलन माघ १२ गते आइतबार नगरपालिकाको नयाँ भवनमा गरेको छ। नगरपालिकाको कामकारबाहीहरू पारदर्शीढङ्गबाट गरिरहेको जानकारी गराउने उद्देश्यले नियमित रुपमा पत्रकार भेटघाट कार्यक्रम गर्दै आइरहेको हो । कार्यक्रममा नगरपालिकाका उपमेयर सरस्वती खड्काले स्वागत गर्नुभएको थियो भने सूचना अधिकृत परशुराम चौलागाईंले नगरपालिकाका सम्पूर्ण शाखाहरूको २०७६ पुष महिनाको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।

पत्रकारहरूको प्रश्नको उत्तर दिनुहुँदै शिक्षा शाखा प्रमुख टंकलाल गैरेले कीर्तिपुर नगरपालिकाको मौलिक कार्यक्रम घरघरमा सिंहदरबार अन्तर्गत प्राविधिकतर्फ उच्च शिक्षा हासिल गर्न सहुलियत दरमा नगरपालिकाबाट शैक्षिक कर्जा उपलब्ध गराउने रहेकोमा हाल सम्म ७ जनाले उक्त कर्जाको लागि प्रक्रिया थालेकोमा २ जनाले सो कर्जा लिइसकेको र पाँच जनाको प्रक्रिया अन्तिम चरणमा पुगेको जानकारी गराउनु भयो। शैक्षिक कर्जा अन्तर्गत कीर्तिपुर नगरपालिका भित्र बसोबास गर्ने प्रत्येक वडामा २ जना स्थानीय विद्यार्थीलाई सम्बन्धित वडाको सिफारिसमा ३ प्रतिशत ब्याजदरले पाँचलाखसम्म कर्जा उपलब्ध गराउने र सो रकम विद्यार्थी तथा अभिभावकबाट अन्य क्षेत्रमा लगानी गरी दुरुपयोग नहोस् भनी कर्जा रकम सम्बन्धित शैक्षिक संस्थाकै नाममा भुक्तानी दिने नीति रहेको पनि उहाँले बताउनुभयो। शिक्षा शाखाले आउँदो शैक्षिक सत्रदेखिनै लागू गर्ने गरी स्थानीय पाठ्यक्रम निर्माणको कार्य अन्तिम चरणमा पुगेको समेत जानकारी गराउनु भयो।

हाल चीनमा माहामारीको रुपमा फैलिएको कोरोना भाइसरको बारेमा सोधिएको प्रश्नको उत्तरमा स्वास्थ्य शाखा प्रमुख सन्तमान मानन्धरले चीनमा कीर्तिपुरका बासिन्दा पनि भएको तर कीर्तिपुरमै कोरोना भाइरस संक्रमण हालसम्म नभएको जानकारी गराउनुहुँदै यस विषयमा पनि पछिल्लो समयमा डेंगुको रोगको जस्तै जनचेतना फैलाउने कार्यक्रमहरू गर्न लागेको बताउनु भयो।

आर्थिक प्रशासनको बारेमा बोल्नु हुँदै आर्थिक शाखा प्रमुख मित्रप्रसाद घिमिरेले कुनै पनि योजनको पहिलो किस्ता भुक्तानीको लागि सहज नै भएको तर अन्तिम किस्ताको (फछ्र्यौट गर्नुपर्ने भएकोले) लागि भने कागजात सबै हेरेर मात्र भुक्तानी गर्ने गरेको बताउनु भयो।

नगरपालिकाका उपमेयर तथा प्रवक्ता खड्काले पत्रकारहरूको प्रश्नको उत्तर दिनुहुँदै पहिले प्रतिवद्धता गरेबमोजिम नगरपालिका क्षेत्रभित्रका बाटोहरूमा भएको खाल्डाखुल्डीहरू पुर्न ४ जना कर्मचारी खटाई कामहरू गरिरहेको जानकारी गर्नुभयो । हाललाई कीर्तिपुर नगरपालिकाको नक्शा शाखाको कामको बारेमा अडियो नोटिस बोर्ड १६१८०१४३३१११० सञ्चालन गरीसकेको समेत जानकारी गराउनुभयो।

नेपाल भ्रमण वर्ष २०२० को बारेमा कीर्तिपुरमा हालसम्म पनि कुनै ठोस कार्यक्रमहरू नराखिएकोमा पर्यटकमुखी कार्यक्रमहरू राख्नु पर्ने, पर्यटकहरूको आवागमनका तथ्याङ्क राख्नु पर्ने, कीर्तिपुर छिर्ने मुख्यद्वारहरूमा कीर्तिपुर भ्रमण गर्नै पर्ने ठाउँहरूको बारेमा जानकारीसहितका नक्शा राख्नु पर्ने आदि सुझावहरू समेत पत्रकारहरू राखेका थिए।

कार्यक्रमको अन्तमा उपमेयर खड्काले सबै पत्रकारहरूलाई जिज्ञाशा र सुझावका लागि धन्यवाद् दिंदै आगामी दिनहरूमा कार्यान्वयन गर्नेतिर लाग्ने बताउनुभयो।

## सम्पादकीय

# कीर्तिपुरको पर्यटन विकासका लागि अर्को कोशेढुङ्गो

कीर्तिपुर नेपालको ऐतिहासिक नगर हो। यहाँका धार्मिक, साँस्कृतिक, ऐतिहासिक एवम् प्राकृतिक सम्पदाले यो भूमिलाई पर्यटकीय नगरको रुपमा विकास गर्न सकिने आधार देखिन्छ। तर एकातिर राज्यको ध्यान नपुगु र अर्कोतर्फ पर्यटन व्यवसायीहरूको पूर्वाग्रह एवम् कीर्तिपुरबासीकै कतिपय कमजोरीले कीर्तिपुर पर्यटन क्षेत्रका रूपमा जति अगाडि आउन सक्ने हो त्यति आउन नसकेको तीतो यथार्थले आज पनि हामीलाई भस्काइरहन्छ। पर्यटनबाट कीर्तिपुरले लाभ लिन नसकिरहेको सन्दर्भमा २०७६ पुस १ गतेको नेपाल सरकार माननीय पर्यटन मन्त्री योगेश भट्टराईको मन्त्री स्तरीय एउटा निर्णयले कीर्तिपुरको समग्र पर्यटन क्षेत्रको लागि ठूलो उत्साह र खुसी ल्याइदिएको छ। त्यो निर्णय हो नेपाल राष्ट्रिय जातीय सङ्ग्रहालयलाई नेपाल राष्ट्रिय सांस्कृतिक सङ्ग्रहालयमा परिवर्तन गर्ने।

कीर्तिपुर नगरपालिका ४, चम्पादेवीमा २०५७ सालमा नेपाल राष्ट्रिय जातीय सङ्ग्रहालय बनाउने प्रयोजनका लागि करिब २०० रोपनी जग्गाको भोगाधिकार प्राप्त गरेको थियो। यद्यपि दुई दशकसम्म त्यहाँ जातीय सङ्ग्रहालय बन्न सकेन, त्यसको लागि आवश्यक कुनै पनि पूर्वाधार बन्न सकेन। यस सन्दर्भमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश भट्टराईले पदभार ग्रहण गरे लगत्तै पुष्पलाल स्मृति प्रतिष्ठानमा उपस्थित भै पुष्पलाल स्मृति प्रतिष्ठान र जातीय सङ्ग्रहालयलाई नयाँ ढङ्गले अगाडि बढाउने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो। त्यही प्रतिबद्धताअनुसार उहाँले उक्त नेपाल राष्ट्रिय जातीय सङ्ग्रहालयको स्वामित्व सो गैर सरकारी संस्थाबाट नेपाल सरकारले ग्रहण गर्ने र जातीय सङ्ग्रहालयको नाम नेपाल राष्ट्रिय सांस्कृतिक सङ्ग्रहालय बनाउने निर्णय गर्नु भएको हो।

यो निर्णयले कीर्तिपुरको पर्यटन क्षेत्रको विकास र पर्यटनमार्फत कीर्तिपुरको समृद्धिमा थप टेवा पुग्ने आशा जगाएको छ। यो निर्णयमा पुग्नका लागि माननीय मन्त्रीलाई उत्प्रेरित गर्नुहुने कीर्तिपुर नगरपालिकाका पदाधिकारीज्यूहरू, पुष्पलाल स्मृति प्रतिष्ठानका पदाधिकारीहरू र विभिन्न राजनैतिक दलका नेता तथा स्थानीय कार्यकर्ता एवम् मन्त्रालयका सम्बन्धित कर्मचारीहरू धन्यवाद्का पात्र हुनुहुन्छ। अब उक्त स्थानमा नेपाल राष्ट्रिय सांस्कृतिक सङ्ग्रहालय बनाउने काममा स्थानीय सरकारको नाताले कीर्तिपुर नगरपालिका, स्वयम् पर्यटन मन्त्रालय र कीर्तिपुरबासी गम्भीर भई लागि पर्नु जरुरी छ। जसरी विगतमा करिब २०० रोपनी जग्गा जातीय सङ्ग्रहालयको नाममा रह्यो तर काम केही भएन त्यस्तै फेरि पनि सांस्कृतिक सङ्ग्रहालयको नाममा जग्गा हस्तान्तरण हुने मात्र काम भयो भने यो निर्णयको कुनै अर्थ रहन्न, कीर्तिपुरबासी यो निर्णय छिटो कार्यान्वयन भई सङ्ग्रहालय बन्ने प्रतिक्षामा छन्।

# समृद्धिको यात्रामा कीर्तिपुरका चुनौति र सम्भावनाहरू : ४

**रत्न महर्जन**

५. प्राकृतिक श्रोत र सम्पदाको समुचित र सन्तुलित वितरण, संरक्षण एवम् सदुपयोग हुन नसक्नु :

कीर्तिपुर प्राकृतिक श्रोत र सम्पदामा पनि धनी नै छ यद्यपि कीर्तिपुरले यहाँका प्राकृतिक श्रोत र सम्पदाको पहिचान गर्ने, तिनको सदुपयोग गर्ने काममा उल्लेख्य (Remarkable) सफलता पाउन सकेको छैन। यहाँ ठूला ठूला नदी र ताल तलैया नभए पनि स-साना खोला नाला र पोखरीहरू प्रशस्त मात्रामा छन् तर तिनको मौद्रिक तथा आर्थिक मूल्य कायम गर्न कीर्तिपुरले सकेको छैन। खास गरी यहाँ दूधपोखरी, सिम भवाहिटी, नौमुले, राउतेको भीर जस्ता ठाउँमा पानीको प्रकृतिक मूहान रहेको छ। लामो समय सम्म दूधपोखरीको पानी कीर्तिपुर बाहिर लगेर कीर्तिपुर वासीलाई काकाकूल बनाइयो र हाल केही वर्ष पहिले मात्र दूधपोखरी सहित ती सबै मूहान कीर्तिपुरको लागि प्रयोग गर्न थालियो। त्यसभन्दा अगाडि मूहान क्षेत्रका स्थानीय बासीले सिमित मात्रामा उपभोग गर्ने अवस्था बाहेक कि त पानी त्यसै खेर गएको थियो कि काठमाडौँ र पाटनमा जाने गर्थ्यो। अभै पनि ती क्षेत्रबाट निकै ठूलो मात्रामा पानी खोलामा त्यसै बगेको देखिन्छ। मेलम्चीको पानी काठमाडौँका धारामा नभरेसम्म कीर्तिपुरमा उपलब्ध यिनै श्रोतका पानीको समूचित र सन्तुलित किसिमले वितरण गर्नुको विकल्प अहिलेलाई कीर्तिपुरसँग छैन। यद्यपि केही स्थानका भूमिगत पानीले पनि हाम्रा आवश्यकता धान्न सघाएको देखिन्छ।

## मेरो धारणा

मेलम्चीको पानी काठमाडौँका धारामा नभरेसम्म कीर्तिपुरमा उपलब्ध यिनै श्रोतका पानीको समूचित र सन्तुलित किसिमले वितरण गर्नुको विकल्प अहिलेलाई कीर्तिपुरसँग छैन। यद्यपि केही स्थानका भूमिगत पानीले पनि हाम्रा आवश्यकता धान्न सघाएको देखिन्छ।

त्यसबाहेक कीर्तिपुर नगरपालिका वडा नं. ६ मा अवस्थित टौदह स्वच्छ पानीको श्रोत नभए तापनि प्राकृतिक सन्तुलन र सौन्दर्य कायम गरी पर्यटकीय केन्द्रको रुपमा विकास गर्न सकिने काठमाडौँ उपत्यकाकै ठूलो प्राकृतिक दह भए तापनि त्यसो पनि हुन सकेको छैन यद्यपि पछिल्लो कालखण्डमा त्यहाँ आन्तरिक पर्यटकको गतिविधि देखिन थालेको छ।

यस्तै कीर्तिपुर, पाँगा, नगाउँ लगायतका साँस्कृतिक बस्तीहरूमा भएका पोखरीहरुको संरक्षण, तिनको उपयोग गरी आर्थिक गतिविधि वृद्धि गर्ने काममा कुनै काम हुन सकेको छैन। त्यस्तै सिम्ले खोला, दूधपोखरीको दमाइ खोला, बल्खु खोला पनि एक किसिमले नाम मात्रका खोला हुन पुगेका छन्। जसबाट कीर्तिपुरले खासै फाइदा लिन सकेको देखिँदैन। पानी जस्तै कीर्तिपुरको दक्षिणी सीमामा अवस्थित चन्द्रागिरि पर्वत श्रृङ्खलामा थुप्रै प्रकारका रुख विरुवा, जडिवुटी, चराचुरुङ्गी तथा जनावरहरू र उच्च गुणस्तरको कालो ढुङ्गा रहेका छन्। तिनलाई पनि कीर्तिपुरले समृद्धिसँग जोडेर उपयोग गर्न सकेको छैन। अभ चन्द्रागिरि पर्वत श्रृङ्खलाको महत्त्वपूर्ण स्थल चम्पादेवी डाँडाबाट मौसम खुलेको समयमा सर्वोच्च शिखर समेत अवलोकन गर्न सकिन्छ तर यसको प्रचार प्रसार र व्यवस्थापन गर्न नसक्दा यसको कुनै महत्त्व देखिएको छैन। चम्पादेवी डाँडाबाट सगरमाथाबाहेक मनास्लु, गौरीशङ्कर, लाङटाङ हिमालसहित सम्पूर्ण काठमाडौं उपत्यका देखिन्छ तर त्यसको भेउ हामीले पाउन सकेका छैनौं। यसरी नै राणा कालमै काठमाडौं उपत्यकाका सम्पूर्ण बाटो, पेटी, लाछी, चोक मन्दिर आदिमा र राणाहरूको दरबारमा बिच्छ्याउन लाने गरिएको कालो ढुङ्गाको अथाह खानी यसै डाँडामा छ। वातावरणीय दुष्प्रभाव नपर्ने गरी यसको व्यवस्थित उत्खनन् गर्न सकिए यसको मौद्रिक मूल्य कीर्तिपुरका अन्य कुनै वस्तु र गतिविधिसँग तुलना गर्नै सकिन्न। यसो गर्न सकिए कीर्तिपुरको समृद्धिमा एउटा ईँटा थपिने थियो। (जुन ढुङ्गा केही वर्ष अघिसम्म कीर्तिपुर, पाँगा, मच्छेगाउँ, नगाउँ लगायत काठमाडौंको वसन्तपुर र सबै जसो मन्दिर परिसर जतातते देखिन्थे र हाल ढलान, पीच, ईँटा वा अन्य ढुङ्गा प्रयोग गरी बाटो बनाउँदा पुरिएर गएका छन्। (कीर्तिपुर नगरपालिका वडा नं. ४ मा अवस्थित गोदाम चौर यही ढुङ्गा गोदाम थियो।) त्यस्तै यसै पर्वत श्रृङ्खलामा रहेको पदयात्रा मार्ग पनि हाम्रो समृद्धिको एउटा साधन हुन सक्थ्यो तर त्यसको पनि व्यवस्थापनमा हामी पछाडि रह्यौं। *क्रमश ...*

*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं।*

# आपतकालीन प्रतिकार्य तथा आकस्मिक योजना तालिम सम्पन





प्राकृतिक तथा मानवीय कारणले गर्दा हाम्रो समाजमा विभिन्न किसिमका विपद् आइरहेका हुन्छन्। बाढी, पहिरो, आगलागी, भूकम्प, महामारी, सडक दुर्घटना जस्ता कारणले मानवीय जीवन अकस्मात उथलपुथल र आक्रान्त हुन पुग्दछ। विपत्तिको संवेदनशीलतालाई हेर्ने हो भने कीर्तिपुर नगर पनि उच्च जोखिममा रहेको नगर हो। यसरी जोखिमको पक्षलाई दृष्टिगत गर्दै कीर्तिपुर नगरपालिकाको विपद् अलपीकरण, विपद् व्यवस्थापन, पूर्वतयारी, विपद् पछि तत्काल गर्नु पर्ने उद्धार तथा राहतका कार्य तथा भविष्यमा हुने विपद्को न्यूनीकरणका लागि आपतकालीन प्रतिकार्य तथा आकस्मिक योजना तर्जुमा सम्बन्धी दुईदिने तालिम कीर्तिपुर सम्पन्न भएको छ। कीर्तिपुर नगरपालिका र विपद् पूर्वतयारी सञ्जाल नेपाल (DpNet Nepal) को संयुक्त आयोजनामा नगर पालिकाको नयाँ भवनमा उक्त तालिम सम्पन्न भएको हो।

माघ ७ र ८ गते भएको तालिमको पहिलो दिन कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले उद्घाटन गर्नुहुँदै मेयर महर्जनले विपद् भनेको जुनसुकै अवस्थामा समेत आउन सक्ने भएकोले शारीरिकरुपमा मात्र नभई मानसिकरुपमा समेत तयार भइरहनुपर्ने बताउनु भयो। मौसम अनुसार विपद्हरु आइरहने भएकोले यसबारे जनचेतना पनि आवश्यकता भएको औंल्याउनुभयो। पहिले कीर्तिपुर नगरपालिकामा एउटा दमकल भएको र सो काठमाडौं महानगरपालिकालाई सहयोग दिइसकेको स्मरण गर्नुहुँदै मेयर महर्जनले अब कीर्तिपुरमा पनि दमकल चाहिएको महशुस भई छलफल भइरहेको बताउनु भयो। कार्यक्रममा कीर्तिपुर नगरपालिकाका उपमेयर सरस्वती खड्काले विपद् व्यवस्थापनमा कीर्तिपुर नगरपालिकामा भइरहेको कार्य र थप कार्य गरि अझै अगाडि बढ्नु पर्ने कुरा बताउनुहुँदै विपद्को लागि सामना गर्न नगरपालिकाले पनि १ प्रतिशत बजेट छुट्याइरहेको बताउनुभयो। पुनःनिर्माण तथा विपद् व्यवस्थापन समितिका संयोजक तथा कीर्तिपुर नगरपालिका वडा नं. ९ का अध्यक्ष गंगाराम महर्जनले कार्यक्रममा स्वागत गर्नुहुँदै कार्यक्रमको महत्त्व र विपद् पूर्वतयारी सञ्जाल नेपालको वारेमा बताउनु भएको थियो।

विपद् पूर्वतयारी सञ्जाल नेपालका अध्यक्ष सूर्य बहादुर थापा, विपद् पूर्वतयारी सञ्जाल नेपालका उपमहासचिव तथा कीर्तिपुर नगर स्तरिय विपद् तथा जलवायु उत्थानशील समितिका विपद् विज्ञ हर्षमान महर्जन अतिथिको रुपमा सहभागी हुनु भएको थियो।

तालिममा विपद् पूर्वतयारी सञ्जाल नेपालका अध्यक्ष सूर्य बहादुर थापाले २०७२ सालको भूकम्पका सिकाईहरु सम्बन्धी प्रस्तुत गर्नुभयो। त्यस पश्चात विपद् पूर्वतयारी सञ्जाल नेपालका महासचिव राजु थापाले विपद् शब्दावली सम्बन्धी, आपतकालीन प्रति कार्य तथा आकस्मिक योजनाको परिचय बारेमा नेपाल रेडक्रस सोसाईटी केन्द्रीय कार्यालय विपद् कार्यक्रम अधिकृत अनिल महर्जनले प्रस्तुत गर्नुभएको थियो।

आपतकालीन प्रतिकार्य तथा आकस्मिक योजना तर्जुमा सम्बन्धी कानुनी प्रावधान सम्बन्धी डिमानका महासचिव विष्णु तिमिल्सिना, प्रकोप तथा श्रोत नक्सांकन र प्रकोप तथा श्रोत नक्शाङ्कन सामूहिक कार्य डिपिनेट नेपालका कार्यक्रम संयोजक लुना खड्का र हर्षमान महर्जनले प्रस्तुत गरिएको थियो।

तालिमको दोश्रो दिनमा पहिलो दिनको समिक्षा गरि शुरु भएको थियो भने प्रकोप नक्शाङ्कनका आधारमा परिदृश्य, आकस्मिक योजनाका चरण लगायत सामूहिक कार्य गरिएको थियो।

कीर्तिपुर नगरभरिका २७ जनाको सहभागी रहेको उक्त तालिमको समापन कार्यक्रममा कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले तालिममा सहभागीहरूलाई प्रमाण पत्र वितरण गर्नुभएको थियो। समापन कार्यक्रममा तालिममा सहभागीहरूले आ-आफ्ना धारणा पनि प्रस्तुत गरिएको थियो।

# उपत्यका नगरपालिका फोरमया विस्तारित वैठक किपुलिई च्वन

स्वनिगःया नगरपालिकात दुथ्याःगु उपत्यका नगरपालिका फोरमया विस्तारित वैठक बुधवाः किपुलिई च्वंगु दु। उगु बैठकय् स्वनिगःया छुं छुं नगरपालिका बाहेक दक्वं हे नगरपालिकाया ब्वति दुगु खःसा पाहाँकथं धुनिबेशी नगरपालिका व ककनी गाउँपालिकाया ब्वति दुगु खः।

फोरमया नायः लिसें यें महानगरपालिकाया मेयर विद्यासुन्दर शाक्यया नायःसुई न्ह्याःगु उगु बैठक फोरमया छ्याञ्जे मध्यपुर थिमि नगरपालिकाया मेयर ई. मदनसुन्दर श्रेष्ठं न्ह्याकादीगु खः। बैठकय् थ्वहे वइगु अक्टोवरय् विश्व मेयर सम्मेलन यायेगु प्रस्ताव बारे सहलह जूगु खः। उगु सम्मेलनया तयारीया लागिं छगू कार्यपत्र समेत न्ह्यब्वसें सहलह जूगु खः।

दक्व हे नगरपालिकाया समस्या जुयाच्वंगु फोहर व्यवस्थापनया बारे नं दुग्यंक सहलह जूगु खः। स्वनिगःया फोहर वायेगु थाय् जुयाच्वंगु सिसडोल व बन्चरे डाँडा ल्याण्डफिल्ड साइट लागाया जनप्रतिनिधिपिं धुनिवेशी नगरपालिकाया मेयर बालकृष्ण आचार्य, उपमेयर निरु खरेल अथेहे ककनी गाउँपालिकाया अध्यक्ष मान बहादुर लामा व ककनी गाउँपालिका १ नं. वडाया अध्यक्ष चन्द्र बहादुर श्रेष्ठं फोहर वायेथायया समस्यायाबारे जानकारी बियादीगु खःसा अन बैज्ञानिकरुपं फोहरयात व्यवस्थित यायेत इनाप यानादिल।




बैठक क्वचायेका जूगु पत्रकार सम्मेलनय् बैठकया बारे जानकारी बियादिसें विश्व मेयर सम्मेलनया लागि तयार याःगु लोगो परिमार्जन सहित पारित जूगु, विश्व मेयर सम्मेलनया अवधारणा व प्राविधिक ज्याभ्वःत परिमार्जन सहित पारित जूगु लिसें सम्मेलनया लागि माःगु प्रस्तावित बजेटय् यें महानगरपालिका व यल महानगरपालिका मिलेजुया बच्छि व बाँकिगु नगरपालिकां बच्छि बजेट तयेगु निर्णय जूगु जानकारी बियादिल। पत्रकारतय्सं न्यंगु न्ह्यसःया लिसःबियादिसें फोरमया नायः लिसें यें महानगरपालिकाया मेयर शाक्यं काठमाडौं उपत्यका प्राधिकरण खारेजीया माग मत्वःतानिगु व उपयुक्त विकल्पया लँ मालाच्वनागु धयादिसें थ्व माग पूवंकेगु ज्याय् न्ह्यज्यानाच्वनागु धयादिल।

# भाजंगलय् डीप बोरिङ्गया ज्या न्ह्यात

किपू नगरपालिका वडा नं. ७ व ९ या सिमानाय् लाःगु चिखु टाउन प्लानय् डीप बोरिङ्गयाना लः लिकायेगु ज्या शुरु याःगु दु। बागमती प्रदेश सरकारया भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत खानेपानी तथा सरसफाई डिभिजन नं. ५ यू स्वीकृति कयाः थुगु ज्या न्ह्याकूगु खः।

थनं वइगु लः लिक्क च्वंगु भाजंगःया ट्यांकी तयाः अन लः इनेगु धाःगु दु। थुकीया लागि राममान सिंहया नायःसुई पाँगा खानेपानी तथा सरसफाई उपभोक्ता समिति दयेका ज्या न्ह्याकाच्वंगु दु।

थुगु बोरिङ्गयाना वइगु लःयात परिक्षण यानांजक भाजंगःया ट्यांकी तया इनेगु व थुकिंयानां लःया मागयात छुं भतिचासां पूर्तियाये फइगु किपू नगरपालिका वडा नं. ८ या अध्यक्ष विनोद महर्जन व वडा नं. ९ या अध्यक्ष गंगाराम महर्जनं जानकारी बियदिल।



# राराहिल स्कूलं अभिभावक दिवस हन



किपूया प्यम्ह शहिदपिनि नामं पलिस्था यानातःगु राराहिल मेमोरियल स्कूलं माघ ११ गते शनिवाः भिंप्यक्वःगु अभिभावक दिवस हंगु दु। किपू नगरपालिकाया मेयर रमेश महर्जन बःखुं छज्वः ब्वयेका उलेज्या यानादीगु ज्याभ्वलय् शहिदपिनि किपाय् स्वांमा नं देछायादीगु खः। राराहिल मेमोरियल स्कूल व्यवस्थापन समितिया नायः तुलसीदास महर्जनया नायःसुई न्ह्याःगु ज्याभ्वलय् मूपाहाँ मेयर महर्जनं थ्व अभिभावक दिवस धइगु अभिभावक लक्षित जूगुलिं सकलें अभिभावकतय्सं थः मस्तय्सं छु ब्वने यः व हे जक ब्वंकादीत इनाप यासें मस्तयूत करकापय् मब्वंकेत इनाप यानादिल। मस्तयूत करकापं इमित मयःगु ब्वंकल धाःसा मस्त स्कूल कलेज मवंसें दुर्व्यसनी थेंजाःगु ग्यानापुगु संगतय् तकं लायेफुगु प्रति सचेत जुइत इनाप यानादिल।

मेयर महर्जनं किपू नगरपालिकां आः याकनं हे विद्यालयलिसें स्वापू दुगु ज्याभ्वःत यायेत्यनागु जानकारी बियादिल। किपू क्षेत्रया सम्पदात थःगु हे सम्पदा भाःपिया अन सुचुपिचुयायेगु लिसें व्यवस्थापन यायेगु तकं प्रत्येक स्कूलयात जिम्मा बीगु जानकारी बियादिल। थ्व सन् २०२० यात नेपाल सरकारं पर्यटन दँ धकाः घोषणा यानातःगुलिं थन किपुलिई नं पर्यटकत वयेगु यानाच्वंगुलिं थन नं फोहरया समस्या जुयाच्वंगु कनादिल। प्रत्येक छेंय् फोहर काःवयाच्वंगुलिं व फोहर काःवइपिंके दुजःजुया इमित जक फोहर बियाछ्वयेगु, न्ह्यःनेलाःथाय् फोहर वांमछ्वयेत नं इनाप यानादिल। पर्यटकतय्सं फोहर खनकि किपू नगरपालिकाया जक बदनाम जुइगु मखुसें सकल किपूनगरबासिपिनिगु हे बदनाम जुइगु जूगुलिं फोहरयात व्यवस्थित यायेत नं मेयर महर्जनं इनाप यानादिल।

देसय् भ्रष्टाचारव्याप्त जुयाच्वंगु खँ वयाच्वंगुलिं स्कूलया मस्तयूत थ्व भ्रष्टाचारमुक्त यायेगु खँय् भूमिका म्हितकेगु उल्लेख यानादिसें प्रत्येक विद्यार्थीतयूसं थः अभिभावकयात थःया लागिं भ्रष्टाचार मयायेत इनाप याकेगु कथंया ज्याभ्वःत याकनं यायेत्यनागु मेयर महर्जनं जानकारी बियादिल। ज्याभ्वलय् राराहिल मेमोरियल स्कूलया प्रधानाध्यापक जगत बहादुर महर्जन लगायत थीथी स्कूलया प्रधानाध्यापकपिनिगु ब्वति दुगु खः। ज्याभ्वःलय् स्कूलया विद्यार्थीपिंसं थीथी साँस्कृतिक ब्वज्या न्ह्यब्वःगु खः।

# कीर्तिपुरमा नेपाल राष्ट्रिय सांस्कृतिक सङ्ग्रहालय स्थापना गरिने




कीर्तिपुर नगरपालिका वडा नं. ४ मा प्रस्तावित नेपाल राष्ट्रिय जातीय सङ्ग्रहालयले बीस वर्षमा पनि सङ्ग्रहालयको आकार लिन सकेन। जातीय सङ्ग्रहालयका नाममा चम्पादेवीको सयौं रोपनी जग्गा एउटा गैर सरकारी संस्थाले कब्जा गरिराखेकोमा स्थानीय जनता रुष्ट समेत थिए। किनभने त्यो जग्गा न भनिएको प्रयोजनमा लगाइयो न स्थानीय जनताले त्यहाँको स्रोतबाट कुनै फाइदा नै पाउन सकेका थिए।

अब भने २०५७ सालदेखि नेपाल राष्ट्रिय जातीय सङ्ग्रहालयको नाममा भोगाधिकार रहेको उक्त जग्गा र नेपाल राष्ट्रिय जातीय सङ्ग्रहालयको स्वामित्व नेपाल सरकारले लिई त्यस स्थानमा नेपाल राष्ट्रिय सांस्कृतिक सङ्ग्रहालय स्थापना गरी सञ्चालन गर्ने निर्णय भएको छ। नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको २०७६ पुस १ गतेको मन्त्रीस्तरीय निर्णयबाट सो निर्णय भएको हो।


Government of Nepal (GoN)
Kirtipur Municipality
Office of the Municipal Executive

**Invitation for Bids for the Construction of Truss Structure for Vegetable Market**

Contract Identification No: KRM - 29/076/077
Date of publication: 2076/10/07

1. Kirtipur Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the Construction of Truss Structure for Vegetable Market under National Competitive Bidding procedures. The estimated amount for the works is Nrs. 48,25,003.34 (with VAT)
2. Eligible Bidders may obtain further information from office of the Municipal Executive, Kirtipur Municipality, 014332205 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be purchased from the office of the Municipal Executive, Kirtipur Municipality, Kirtipur, Devdhoka, by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable bid document fee of Nrs 3,000.00 till 2076/11/07 during office hours.

   Or

   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified below) of bidding document in the account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Krishi Bikas Bank, Kirtipur
   Name of Office: Kirtipur Municipality, Office of the Municipal Executive
   Office Account no.: 0211100047277011
4. Pre-bid meeting shall not be held.
5. Sealed or electronic bids must be submitted to the office of the Municipal Executive, Kirtipur Municiaplity, Devdhoka, Kirtipur by hand or through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 on 2076/11/08 . Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 5:00 on 2076/11/08 at the office of the Municipal Executive, Kirtipur Municiaplity, Devdhoka, Kirtipur. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Nrs 1,20,000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.



**कीर्तिपुरमा फुटवल रङ्गशाला :** कीर्तिपुरको खेलमैदान (हालको कीर्तिपुर कभर्ड हल) भएको स्थानमा फुटवल रङ्गशाला बनाउने विषयमा नेपाल खेलकुद परिषद्का सदस्य सचिव रमेश सिलवाल अवलोकन भ्रमण गर्नुहुँदै । साथमा कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन । *तस्बिर : ज्ञानकुमार महर्जन*

*"साँस्कृतिक र प्राकृतिक सम्पदायुक्त, शैक्षिक एवं पर्यटकीय शहर स्वच्छ हराभरा, समावेशी तथा समुन्नत हाम्रो कीर्तिपुर नगर "*

# सम्पूर्ण नगरबासीहरूमा अनुरोध

नगरपालिकाको अनुमति लिएर मात्र भवन निर्माण गरौं ।

भूकम्पीय प्रतिरोधात्मक पूर्वाधार/संरचनाको निर्माण गरौं ।

- आफ्नो टोल, चोक, घर, आँगन हामी आफैंले सफा सुग्घर राखी सभ्यताको परिचय दिऔं ।
- आफ्नो घर अगाडिको सडक तथा फुटपाथमा निर्माण सामग्री तथा अन्य कुनै पनि सामान नराखौं ।
- बालश्रम प्रयोग नगरौं ।
- नगरपालिकालाई बुझाउनु पर्ने कर, सेवा शुल्क समयमै बुझाऔं ।
- व्यक्तिगत घटना (जन्म, विवाह, बसाइ सराइ, सम्बन्ध विच्छेद, मृत्यु) को ३५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गराई प्रमाण–पत्र लिऔं ।
- नगरपालिका कार्यालय प्रति केही गुनासो भए नगरपालिकाको कार्यालयको ध्यानाकर्षण गराऔं ।
- संस्थाहरू सञ्चालन गर्न कोठा भाडामा लिंदा घरको नक्सा पास भए नभएको र घर कर तिरेको वा नतिरेको हेरौं ।

## कीर्तिपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

देवढोका, कीर्तिपुर, फोन : ४३३१९६३, ४३३१११०, फ्याक्स : ४३३१३८१

वेबसाइट : www.kirtipurmun.gov.np

# नगर स्तरीय बाल सञ्जाल पुनर्गठन




बाल्यकाल मानव जीवनको अत्यन्त महत्त्वपूर्ण र संवेदनशील समय हो। बाल्यकालमा भोगेका, देखेका, सुनेका कुराहरूले उसको सम्पूर्ण जीवनलाई प्रभाव पारिरहेको हुन्छ। तसर्थ, बालबालिकासँग गरिने प्रत्येक क्रियाकलापहरू र व्यवहारहरूलाई विशेष ध्यान दिनु आवश्यक छ। बालबालिकासँग गरिने कुराहरूले बालबालिकाको सर्वोत्तमहितलाई सघाउ पुऱ्याउँछन् कि पुऱ्याउँदैनन् भन्ने कुरालाई अत्यन्त गम्भिरताका साथ लिइनु पर्दछ।

हामीले बालबालिकाका निम्ति भनेर गर्ने थुप्रै कार्यहरू वयस्कहरूको दृष्टिकोणले सही हुन सक्छन् तर त्यो बालबालिकाको दृष्टिकोणमा, उनीहरुको आफ्नै परिवेशमा उपयुक्त नभएको पनि हुन सक्छ भन्ने कुरालाई कहिल्यै बिर्सनु हुँदैन। तसर्थ बालबालिकाका साथमा गरिने कार्यलाई उनीहरूको पक्षबाट पनि हेर्न सक्नु पर्दछ। बालबालिकाको विचार, परिस्थिति र विशेष आवश्यकतालाई ध्यान नदिँदा वा कतिपय अवस्थामा बालबालिकासँग गर्ने व्यवहार लगायत सिक्ने सिकाउने प्रक्रियाको उचित ज्ञान र अनुभवको अभावमा समुदायमा गरिने क्रियाकलापबाट थुप्रै अप्रिय घटनाहरू घटेका उदाहरणहरू पनि प्रकाशमा आइरहेका छन्।

बालबालिका भनेका राष्ट्रका भविष्य हुन्। तसर्थ बालबालिकालाई भोलि नभनिकनै उनीहरूलाई आजैबाट संरक्षण र विकास गर्नु जरुरी छ। राष्ट्र विकासका निम्ति आज बाल अधिकार एउटा महत्त्वपूर्ण विषयका रुपमा उठिरहेको छ। बाल विकास बिना समाज विकासका कुराहरू निरर्थक हुन पुग्दछन्। बालबालिकाको उचित विकासका लागि बाल अधिकारको संरक्षण, प्रवर्द्धन गर्नु अत्यावश्यक छ।

## कीर्तिपुर नगर स्तरीय बाल सञ्जालका पदाधिकारीहरु

| क्र.सं | नाम थर | पद | वडा नं. |
|---|---|---|---|
| १ | रामकृष्ण बस्नेत | अध्यक्ष | ५ |
| २ | स्मृती महर्जन | उपाध्यक्ष | १० |
| ३ | रक्षा कठायत | सचिव | ५ |
| ४ | दिप्मा अधिकारी | सहसचिव | ७ |
| ५ | प्रेक्षा अधिकारी | कोषाध्यक्ष | ६ |
| ६ | स्मृती खनाल | सहकोषाध्यक्ष | ४ |
| ७ | लकस महर्जन | सदस्य | १ |
| ८ | सक्सेस महर्जन | सदस्य | ९ |
| ९ | रिविका श्रेष्ठ | सदस्य | ३ |
| १० | नतासा महर्जन | सदस्य | ८ |
| ११ | सम्भव ए.सी. | सदस्य | २ |

यसै आवश्यकतालाई महसुस गर्दै बालअधिकार प्रवर्द्धन, बालश्रम न्यूनीकरण एवं जोखिमपूर्ण अवस्थाका बालबालिका संरक्षणको निम्ति कीर्तिपुर नगरपालिकामा सिविन नेपालको निरन्तर समन्वय, सहकार्यमा सन २०१२ देखि कीर्तिपुर नगरपालिकाले विभिन्न कार्यक्रम सञ्चालन गर्ने क्रममा बालमैत्री स्थानीय शासन नगर घोषणा गर्ने लक्ष्यका साथ (क) बाल अधिकार प्राप्तिका मुद्दाहरूमा बाल सहभागिताको अभिबृद्धि गर्ने, (ख) बालबालिकाहरूमा प्रतिभा र क्षमताको विकास गर्दै कार्यक्रमले सिकाएका कुराहरू व्यवहारमा उतार्ने अवसर प्रदान गर्ने, (ग) बालबालिकाहरूमा संगठित र एकताको भावना जागृत गर्दै लोकतान्त्रिक आचरण र व्यवहारको विकास गर्ने उद्देश्यले २०७६ साल माघ ४ गते शनिबारका दिन कीर्तिपुर नगरपालिकाको आयोजनामा सिविन नेपाल र वर्ल्ड भिजन नेपालको सहकार्य तथा प्राविधिक सहयोगमा नगर स्तरीय बाल क्लब सञ्जाल पुनर्गठन कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रमको सहजीकरण नगरपालिकाको तर्फबाट बालबालिका फोकल पर्सन ज्ञानबज्र महर्जन र सिविन नेपालको तर्फबाट कार्यक्रम संयोजक जेनी राईले गर्नु भएको थियो। उक्त कार्यक्रममा १० वटा वडाका वडास्तरीय बाल सञ्जालका पदाधिकारीहरूको सक्रिय सहभागितामा कीर्तिपुर नगर स्तरीय बाल सञ्जाल पुनर्गठन पनि भएको थियो।

**सूचना ! सूचना !!**

**यस कीर्तिपुर नगरपालिकाको मुखपत्र यस "नगर सन्देश" बुलेटिनबारे केही सरसल्लाह वा प्रतिक्रियाहरू पठाइदिनुहुन हार्दिक अनुरोध गरिन्छ।**

सम्पर्कको लागि
**कीर्तिपुर नगरपालिका भवन**
**फोन: ४३३११८९**
**ईमेल**
nagarsandes@gmail.com

# ल्होछार कप खुल्ला फुटबल प्रतियोगितामा अमात्र्य क्लब विजयी

कीर्तिपुर नगरपालिका वडा नं. ४ स्थित कीर्ति खेलकुद् समाजद्वारा आयोजित दोश्रो ल्होछार कप खुल्ला फुटबल प्रतियोगितामा अमात्र्य क्लब विजयी भएको छ। आदिवासी जनजाती तामाङ्गहरूको २८५६ औं जिवा लो नयाँवर्षको उपलक्ष्यमा आयोजित यस खेलको माघ ११ गते भएको फाइनल खेलमा अमात्र्य क्लबले तामाङ्ग ब्रदर्शलाई ६-३ गोल अन्तरले पराजित गरेको हो।

गत माघ ४ गते कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले खेलाडीलाई बल हस्तान्तरण गरेर शुरुभएको यस खेलमा विजयी अमात्र्य क्लबलाई कार्यक्रमका प्रमुख अतिथि कीर्तिपुर नगरपालिकाका उपमेयर सरस्वती खड्काले शिल्ड र प्रमाण पत्र वितरण गर्नुभएको थियो भने कीर्तिपुर नगरपालिका वडा नं. ४ का अध्यक्ष राजेन्द्र बानियाँले नगद रु.३५,००० ।- वितरण गर्नुभएको थियो। त्यस्तै उपविजेता तामाङ्ग ब्रदर्शलाई पनि प्रमुख अतिथि उपमेयर खड्काले शिल्ड र प्रमाण पत्र वितरण गर्नुभएको थियो भने वडा नं. ४ का अध्यक्ष बानियाँले नगद रु. १७,०००।- वितरण गर्नुभएको थियो। खेलमा सबभन्दा बढी गोल गर्ने अमात्र्य क्लबकै सुजन बलामी र उत्कृष्ट खेलाडी तामाङ्ग ब्रदर्शका मिसन लामालाई पनि प्रमुख अतिथिले प्रमाण पत्र वितरण गर्नुभएको थियो।

प्रमुख अतिथि उपमेयर खड्काले तामाङ्ग भाषा कक्षा सञ्चालन गर्नको लागि कीर्तिपुर नगरपालिकाले बजेटको व्यवस्था गरेको उल्लेख गर्नुहुँदै तामाङ्गहरूले तामाङ्ग भाषा नै प्रयोग गरेको सुन्ने अपेक्षा समेत गर्नुभयो। नेपालले अहिले भ्रमण वर्ष २०२० मनाइरहेको बेलामा नेपालमा आउने पर्यटकहरू पनि कीर्तिपुर प्रवेश गर्दा कीर्तिपुरमा पनि तामाङ्ग समुदाय छन् र तामाङ्ग समुदायको संस्कार संस्कृति पनि हेर्न पाइन्छ, त्यसै गरी तामाङ्ग समुदायको रितिरिवाज जस्ता संस्कृति सँगसँगै खानाको परिकारका विषयमा समेत बुझ्न पाइन्छ भन्ने वातावरण तयार गरी पर्यटक आकर्षित गर्ने वातावरण श्रृजना गर्नुपर्ने बताउनु भयो।

कार्यक्रममा कीर्तिपुर नगरपालिका वडा नं. ४ का अध्यक्ष राजेन्द्र बानियाँ, बागमती प्रदेशका सांसद माननीय पुकार महर्जन, वरिष्ठ अधिवक्ता राजु बस्नेतले पनि आ-आफ्नो मन्तव्य राख्नुभएको थियो। कीर्तिपुर नगरपालिका वडा नं. ४ स्थित बाघभैरव माध्यमिक विद्यालयको खेलमैदान, गोदाम चौरमा सम्पन्न खेलमा २२




टिमले भाग लिएको सो खेल 5A Side को आधारमा खेलाइएको थियो। तामाङ्ग सुधार समाजका अध्यक्ष कुमार लामाको अध्यक्षतामा सम्पन्न भएको सो कार्यक्रम विजय तामाङ्गले सञ्चालन गर्नुभएको थियो। कार्यक्रम पश्चात विविध साँस्कृतिक कार्यक्रम समेत प्रस्तुत गरिएको थियो।


Government of Nepal (GoN)
**Kirtipur Municipality**
**Office of the Municipal Executive**

## Invitation for the Seal Quotations

Date of publication: 2076/10/06

1. The Kirtipur Municipality invites sealed quotations for following projects as mentioned in table below.
2. Eligible Bidders may obtain further information from the office of Municipal Executive, Kirtipur Municipality, Devdhoka, Kirtipur, telephone no:- 014332205.
3. A complete set of Bidding Documents may be purchased from the office of the Municipal Executive, Kirtipur Municipality, Devdhoka, Kirtipur by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 till 2076/10/20 during office hours.
4. Sealed bids must be submitted to the office of the Municipal Executive, Kirtipur Municipality, Devdhoka, Kirtipur by hand on or before 12:00 on 2076/10/21. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 17:00 on 2076/10/21 at the office of the Municipal Executive, Kirtipur Municipality, Devdhoka, Kirtipur.
6. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amount as specified in table below, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day will be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S.N. | Contract Identification | Projects Name | Estimate Amount (Without VAT) | Bid Security |
|---|---|---|---|---|
| 1 | KRM – 27/2076/077 | Audience and Stage Works of Nepal Bhasa Academy Hall, Ward no-2 | Nrs. 10,77,830.00 | Nrs. 27,000/- |
| 2 | KRM – 28/2076/077 | Pal Pukhu (Pokhari) Cleaning Work, Ward no- 10 | Nrs. 4,39,866.53 | Nrs. 11,000/- |


कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित ● सम्पादक : रत्न महर्जन ● उप-सम्पादक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● **Facebook** : facebook.com/kirtipurmun ● **Facebook** : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com